# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड ९ संख्या १३ स्थानीय राजपत्र भाग २ मिति २०८२।११।१०**

### करार सेवामा कार्यरत कर्मचारीहरु सेवाबाट अवकाश हुँदा प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८२

नगरसभाबाट स्वीकृत मितिः २०८२।०९।११

**प्रस्तावनाः**

घोराही उपमहानगरपालिका तथा अन्तर्गत करार सेवामा सेवामा कार्यरत कर्मचारीलाई मौद्रिक प्रोत्साहन तथा सम्मान समेतको व्यवस्था गरी कार्यालयको काममा कर्मचारी स्वयमले उत्प्रेरित रही कार्य गर्ने संस्कारको विकास गरी समग्र उपमहानगरपालिकाको सेवा प्रवाहमा प्रभावकारिता ल्याउन वाञ्छनीय भएकोले घोराही उप-महानगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा ४ अनुसारको अधिकार प्रयोग गरी घोराही उपमहानगरपालिकाको नगर कार्यपालिकाद्वारा यो मापदण्ड बनाई लागू गरिएको छ।

**१. संक्षिप्त नाम, र प्रारम्भः** (१) यस मापदण्डको नाम "करार सेवामा कार्यरत कर्मचारीहरु सेवाबाट अवकाश हुँदा प्राप्त गर्ने सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड नगरसभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) उपदफा (२)मा जुनसुकै कुरा लेखिएता पनि यो मापदण्ड चालु आ.व. २०८२/८३को श्रावण १ गतेदेखि यता सेवाबाट अलग हुने सबैका कर्मचारीहरुका लागि लागू हुनेछ।

**२. परिभाषा र व्याख्याः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस मापदण्डमाः-

(क) “अख्तियार प्राप्त अधिकारी” भन्नाले घोराही उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ख) “कर्मचारी” भन्नाले घोराही उपमहानगरपालिका, नगरकार्यपालिकाको कार्यालय तथा अन्तर्गत कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(ग) “सेवा सुविधा रकम” भन्नाले यस मापदण्ड बमोजिम करार सेवामा कार्यरत कर्मचारीलाई अवकाश हुँदा उपलब्ध गराइने सेवा सुविधा रकमलाई सम्झनुपर्छ।

(घ) “स्वीकृत बजेट” भन्नाले सभा तथा कार्यपालिकाले तोकिएका कार्यरत कर्मचारी लागि स्वीकृत घोराही उपमहानगरपालिकाको कर्मचारी कल्याणकोष शीर्षकमा विनियोजन गरेको रकम सम्झनुपर्छ ।

(ङ) “मापदण्ड” : करारका कर्मचारीहरुको सेवा सुबिधा सम्बन्धी मापदण्ड, २०८२ लाई सम्झनुपर्छ ।

(च) “उपमहानगरपालिका” भन्नाले घोराही उपमहानगरपालिकालाई सम्झनुपर्छ ।
(छ) “सभा” भन्नाले घोराही उपमहानगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।
ज) “कार्यपालिका” भन्नाले घोराही उपमहानगरपालिकाको नगरकार्यपालिकालाई सम्झनुपर्छ ।
(झ) “वडा” भन्नाले घोराही उपमहानगरपालिका मातहतका वडा कार्यालयलाई सम्झनुपर्छ ।
(ञ) “कार्यालय” भन्नाले घोराही उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

**३. करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा सुविधाः** साविक घोराही नगरपालिका, त्रिपुर नगरपालिका, स्वास्थ्य संस्था, उपमहानगरपालिकामा समावेस भएका साविक गाउँ विकास समिति तथा साविक जिल्ला विकास समितिमा करार सेवामा नियुक्ति भै घोराही उपमहानगरपालिका अन्तर्गत निरन्तर रुपमा सेवारत जुनसुकै श्रेणी तथा तहका कर्मचारी उमेर हद तथा अन्य जुनसुकै कारणले सेवाबाट अलग हुँदा कर्मचारीहरुलाई घोराही उपमहानगरपालिकाको कर्मचारी कल्याण कोष अन्तर्गत विनियोजित बजेटबाट तपसिल बमोजिम सेवा सुविधा उपलब्ध गराइने छ।

**तपसिलः**

१. ५ वर्षदेखि ९ वर्षसम्म निरन्तर सेवामा रहेको -रु.२ लाख
२. १० वर्षदेखि १४ वर्षसम्म निरन्तर सेवामा रहेको -रु ३ लाख
३. १५ वर्षदेखि १९ वर्षसम्म निरन्तर सेवामा रहेको — रु.४ लाख
४. २० वर्ष वा सोभन्दा वढी निरन्तर सेवामा रहेको — रु. ५ लाख

**४. खारेजी र बचाउः** यस मापदण्डमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ सँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ साथै यस मापदण्ड लागु हुनु पुर्व भए गरेका काम कारबाही यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले,
राम बहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत